# ग्लोबल आइएमई समुन्नत योजना-१ को निर्धारित समयावधि समाप्त हुने भई योजना खारेजी हुन लागेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/१६ गते)**

ग्लोबल आइएमई बैंक लिमिटेड कोष प्रवर्द्धक रही यस ग्लोबल आइएमई क्यापीटल लिमिटेड योजना व्यवस्थापक रहेको तथा ग्लोबल आइएमई म्युचुअल फण्ड अन्तर्गत सञ्चालित "**ग्लोबल आइएमई समुन्नत योजना-१**" यही मिति २०७९/१२/११ गते परिपक्व हुने भएको र सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम (३१) को खण्ड (१) (क) मा भएको व्यवस्था बमोजिम योजनाको अवधि समाप्त भएमा योजना खारेजीमा लग्नुपर्ने र खारेजीमा लग्ने क्रममा सोही नियमावलीको नियम (३१) को उपनियम (६) बमोजिम खारेजीमा लग्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था रहेकाले नेपाल धितोपत्र बोर्डलाई मिति २०७९/११/१५ गतेको पत्रबाट जानकारी गराइएको र "**ग्लोबल आइएमई समुन्नत योजना-१**" योजनाको निर्धारित समयावधि यही मिति २०७९/१२/११ मा समाप्त भइ सोही मिति देखि खारेजी हुन लागेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, नेपाल स्टक एक्सचेञ्ज लि.मा अन्तिम कारोबार हुने मिति २०७९/१२/०९ गते बिहीबारका दिन कारोबार भई कायम हुने इकाईधनीहरु मात्र योजनाको खारेजी पश्चात्‌को प्रतिफल प्राप्तिको लागि योग्य हुने व्यहोरा जानकारी गराउँदै सो मिति पश्चात् योजनाको इकाईहरु कारोबार नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

"**ग्लोबल आइएमई समुन्नत योजना-१**" खारेजी पश्चात् सोही नियमावलीको नियम (३२) को उपनियम (३) को व्यवस्था बमोजिम योजना अर्न्तगतको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई उनीहरुको स्वामित्वको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोले प्रचलित कानुनी तथा नियामकिय प्रक्रिया पुरा गरी इकाईधनीहरुलाई फिर्ता भुक्तानी गरिनेछ। यस क्रममा आवश्यकता अनुसार सार्वजनिक रुपमा पछि सूचना प्रकाशित गरी इकाईधनीहरुलाई जानकारी गराईनेछ।

**साथै, उक्त योजनाको इकाईहरु खरीद गरी हालसम्म पनि आफनो नाउँमा रहेको इकाईहरु अभौतिकिकरण गरिनसक्नु भएका इकाईधनीहरुले यथाशीघ्र अभौतिकिकरण गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ।** आफनो नाउँमा हितग्राही खाता खोलिनसकेका इकाईधनीहरुले ग्लोबल आइएमई क्यापीटल लि.वा ग्लोबल आइएमई बैंक लि.को शाखा कार्यालय अथवा आफ्नो नजिकै रहेको निक्षेप सदस्यकोमा हितग्राही खाता खोली योजनाको इकाईहरु अभौतिकिकरण गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

---

**पुनश्च : हालसम्म पनि विभिन्न कारण (अभौतिकिकरण नभएको, बैंक खाता अद्यावधिक नभएको, खातावालाको नाम र खाता नम्बर नमिलेको तथा बैंकको नाम उल्लेख नगरेको) ले गर्दा योजनाको आ.व. २०७६/७७ को ४ प्रतिशत र आ.व. २०७७/७८ को १०० प्रतिशत प्रतिफल लिई नसकेका इकाईधनीहरुले यसै सूचनालाई आधार मानी विवरण अद्यावधिक गर्न हुन अनुरोध छ।**

**योजना व्यवस्थापकः**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

**मिति २०७९/११/१६ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।**